# सान्जेन जलविद्युत कम्पनी लिमिटेड

## महाराजगंज, काठमाडौं ।

बिक्रम सम्बत २०७८साल पौष १३ गते मंगलबारका दिन
स्मार्ट क्याफे ,धुम्बाराही, काठमाडौंमा सम्पन्न
सान्जेन जलबिद्युत कम्पनी लिमिटेडको

## एघारौं वार्षिक साधारण सभाको निर्णय पुस्तिका

१. **पृष्ठभूमि**

यस कम्पनीको सञ्चालक समितिको २२७ औं बैठकको निर्णयानुसार मिति २०७८/०९/१३ गते (तदनुसार डिसेम्वर २८, २०२१) मंगलवार दिनको ११:०० बजे बोलाइएको साधारण सभा स्मार्ट क्याफे ,धुम्बाराही, काठमाडौंबाट सञ्चालन गरिएको थियो । साधारण सभामा शेयरधनीले भौतिक र बिद्युतिय माध्यम (Google Meet ) बाट पनि सहभागि हुन सक्ने गरी ब्यवस्था गरिएको थियो । साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्ष श्री रामजी भण्डारीज्यूले गर्नु भएको थियो । उक्त सभामा कम्पनी सचिवले सवै सञ्चालक, पदाधिकारी तथा शेयरधनीहरुलाई स्वागत गर्दै आसन ग्रहण गराउनु भयो । तत् पश्चात अध्यक्षज्यूको अनुमति लिई कम्पनी सचिवले एघारौं वार्षिक साधारण सभाको कार्यक्रम संचालन गर्नु भएको थियो ।

(क) **सभाको सूचना तथा प्रकाशनः**

कम्पनीको एघारौं वार्षिक साधारण सभा सम्वन्धी सूचना र छलफल हुने बिषयहरुको सूची तथा कम्पनी ऐन २०६३ को दफा ८४ अनुसारको संक्षिप्त आर्थिक विवरणहरु, सूचना तथा वार्षिक प्रतिवेदन शेयरधनीहरुको सुविधाको लागि कम्पनीको वेभ पेज www.sjcl.com.np मा समेत हेर्न मिल्ने गरी व्यवस्था गरिएको थियो । मिति २०७८/०८/२० गतेको नागरिक दैनिकमा प्रथम पटक सूचना प्रकाशन गरी सबै शेयरधनीहरुलाई साधारण सभामा भाग लिन आमन्त्रण गरिएको थियो । सो सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड तथा नेपाल स्टक एक्सचेन्ज लि. मा समेत जानकारी गराइएको थियो ।

(ख) **उपस्थितिः**

(अ) **संचालकहरुको उपस्थिति:**

| | |
|---|---|
| १. श्री रामजी भण्डारी | अध्यक्ष |
| २. श्री लोकहरी लुईटेल | सञ्चालक |
| ३. श्री शान्ति लक्ष्मी शाक्य | सञ्चालक |
| ४. श्री सुभाष कुमार मिश्र | सञ्चालक |
| ५. श्री नारायण प्रसाद आचार्य | सञ्चालक |
| ६. श्री ठाकुर जंग थापा | सञ्चालक |

(आ) **कम्पनी रजिष्ट्रारको कार्यालयको प्रतिनिधि तथा लेखापरिक्षकको उपस्थिति:**

श्री कम्पनी रजिष्ट्रारको कार्यालयकोप्रतिनिधि श्री दिवाकर शर्मा र श्रीकमल प्रसाद निरौला

| | |
|---|---|
| श्री लेखापरिक्षक | श्री संजिव ढकाल |

श्री सनराइज क्यापिटल लि. प्रतिनिधि श्री विजयलाल श्रेष्ठ

(इ) **साधारण सभामा संस्थापक शेयधनीहरुको उपस्थिति**

| क्र.सं. | संस्थापक शेयरधनीहरुको नाम | प्रतिनिधित्व गरेको शेयर कित्ता संख्या | प्रतिनिधि | प्रतिनिधित्व गरेको शेयर प्रतिशत |
|---|---|---|---|---|
| १. | चिलिमे जलविद्युत कम्पनी लि. | १४३६६४४९ | श्री ध्रुव राज न्यौपाने | ४३.७३ |
| २. | नेपाल विद्युत प्राधिकरण | ३७८१४३० | श्री गणेश प्रसाद लुईटेल | ११.५१ |
| ३. | कालिका गाउपालिका,रसुवा | ३०४२० | यादव प्रसाद सापकोटा | ०.०९ |

(ई) कम्पनीको शेयर दाखिल खारिज बन्द भएको मिति २०७८/०९/०५ सम्म कायम ३२६३७१ शेयरधनीहरु मध्ये सर्वसाधारण शेयरधनीहरुको तर्फको उपस्थिति :

| क्र.सं. | सर्वसाधारण समुह अन्तर्गतका शेयरधनीहरु | शेयर कित्ता संख्या | उपस्थित शेयरधनी संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १. | सर्वसाधारण शेयरधनीहरु | १३१७३ | ३३ | ०.०४ |

**पदाधिकारीहरुः**

१. सुनिल कुमार ढुंगेल प्रमुख कार्यकारी अधिकृत
२. मुरली प्रसाद शर्मा कानुनी सल्लाहकार
३. घनश्याम श्रेष्ठ कम्पनी सचिव
४. अर्पण बहादुर सिंह आयोजना प्रमुख, सान्जेन जलविद्युत आयोजना (४२.५ मे.वा.)
५. सुधनसिंह महत आयोजना प्रमुख, सान्जेन (माथिल्लो) जलविद्युत आयोजना (१४.८ मे.वा.)

(ग) **सभामा छलफलका लागि प्रस्ताव गरिएका विषयहरुः**

साधारण सभामा निम्न बमोजिम साधारण तथा बिशेष प्रस्तावहरु छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएको थियो :

**साधारण प्रस्तावहरू:**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदनको प्रस्तुति र त्यसको स्वीकृती।

२. आ.व. २०७७/७८ को लेखापरीक्षण प्रतिवेदन सहित . आ.व. २०७७/७८ को वित्तिय विवरण (२०७८ अषाढ ३१ गते सम्मको वासलात र आर्थिक वर्ष २०७७/७८ को नाफा/(नोक्सान) हिसाव , नगदप्रवाह विवरण सहितका अनुसूचीहरु समेत उपर छलफल गरी पारित गर्ने।

३. आ.व. २०७८/०७९ का लागि बैधानिक लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने।

**४. विशेष प्रस्ताव :**

कम्पनीको नेटवर्थ भन्दा बढि हुने गरी दिर्घकालिन ऋण लिन र उपयोग गर्ने स्वीकृती अख्तियारी सम्बन्धमा।

५.बिबिध।

(घ) **सभाको बैधानिकता:**

कम्पनी सचिवले कम्पनी ऐन, २०६३ मा भएको प्रावधान र कम्पनीको नियमावली अनुसार साधारण सभा गर्न निर्दिष्ट अवश्यक गणपुरक संख्या पुगेको कुरा जानकारी गराउदै कूल शेयर सङ्ख्याको ५५.३८% शेयरको प्रतिनिधित्व हुने गरी शेयर धनीहरुको उपस्थिति रहेको कुरा कम्पनीको शेयर रजिष्ट्रारबाट जानकारी प्राप्त भएकोले सभा सञ्चालन गर्न सकिने कुरा सभामा जानकारी दिनुका साथै सभा प्रारम्भ गर्न अनुमति माग गर्दा उपस्थित शेयरधनीहरुको सभावाट गणपुरक संख्या पुगेको र सभा रितपूर्वक बोलाइएको ठहर गरी विधिवत रुपमा सभा संचालन गर्ने निर्णय भयो। यस बार्षिक साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्ष श्री रामजी भण्डारीज्यूले गर्नु हुने कुरा पनि सभामा जानकारी गराइयो। त्यसपछि विषयसूची अनुसार सभाको कार्यक्रम प्रारम्भ भयो।

(ङ) **सभा संचालन तथा प्रस्ताव उपर छलफल:**

विषयसूची अनुसार साधारण सभाको कार्यक्रम संचालन गर्न अध्यक्षज्यूबाट अनुमति प्राप्त भएपछि कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष श्री रामजी भण्डारीज्यूलाई कम्पनीको आ.व. २०७७/७८ को वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गर्नु भयो। तत्पश्चात अध्यक्षज्यूले सञ्चालक समितिका तर्फबाट आ.व. २०७७/७८ को वार्षिक प्रतिवेदन साधारण सभा समक्ष प्रस्तुत गर्नुभयो। अध्यक्षज्यूबाट वार्षिक प्रतिवेदन प्रस्तुत भएपछि शेयरधनीहरुलाई उपलब्ध गराइएको लेखापरिक्षण प्रतिवेदन सहितको आ.व. २०७७/७८ को आर्थिक विवरण तथा बार्षिक प्रतिवेदन उपर आ-आफ्नो राय, प्रतिक्रिया तथा सुझाव राख्न तथा सो सम्बन्धमा छलफल गर्न अनुरोध गरिएको थियो।

२. **शेयरधनीहरुबाट प्राप्त जिज्ञासा ,राय तथा सुझाव:**

कम्पनीको साधारण सभाको सूचना बमोजिम बिद्तिय माध्यमबाट समेत सभामा सहभागी हुन अनुरोध गरिएकोमा २ जना शेयर धनीहरुले बिद्तिय माध्यम (भर्चुअल) बाट सहभागीताको लागी अनुरोध गर्नु भएको थियो। बिद्युतिय माध्यम (भर्चुअल) बाट सहभागी भइ मन्तब्य राख्नको लागी अनुरोध गर्ने शेयरधनीहरुमा श्री गणेश पाल र श्री राजेश गिरी निर्धारित समयमा जोडिन सक्नु भएन र धारणा ब्यक्त गर्न सक्नु भएन।

अध्यक्षज्यूले कम्पनीको आ.व. २०७७/७८ को वार्षिक प्रतिवेदन प्रस्तुत गरिसकेपछि शेयरधनी/शेयरधनीका प्रतिनिधिहरुको तर्फबाट उक्त प्रतिवेदन उपर धारणा राख्दै निम्न शेयरधनीहरुले निम्न बमोजिमका राय सुझाव , प्रतिकृया एंव जिज्ञासा राख्नु भएको थियोः

**कृष्ण प्रसाद अधिकारी :**

कम्पनीको वार्षिक प्रतिवेदन समयमा नै घरमै पाउने ब्यवस्था गर्न र नेपाली भाषामा वित्तिय विवरण तयार गर्न सुझाव दिनु भयो। कम्पनीको नामको सम्बन्धमा ब्याकरणगत सुद्दता कायम गर्नका साथै सञ्चालक समितिमा सञ्चालकहरुको संख्या कम कायम गर्न समेत अनुरोध गर्नु भयो।

**भक्ति प्रसाद उप्रेती :**

कम्पनीको ११ औ साधारण सभाको सफलता कामना गर्नु हुदै नयाँ वर्ष २०२२ को शुभकामना ब्यक्त गर्नु भयो।११ औ साधारण सभा समयमा नै सम्पन्न गर्न सकेकोमा धन्यवाद समेत दिनु भयो। चिलिमे जलविद्युत कम्पनी लिमिटेडको उदाहरण दिदै निर्माणाधिन दुवै आयोजनाहरु चाडै सम्पन्न गर्न अनुरोध गर्दै निकट भविष्यमा आकर्षक लाभांशको आशा र अपेक्षा रहेको धारणा ब्यक्त गर्नु भयो। आयोजनाहरु सम्पन्न भएपछि थप आयोजना निर्माण गर्न समेत अनुरोध गर्दै लेखापरिक्षकको प्रतिवेदन नेपाली भाषामा उपलब्ध हुनुपर्ने कुरा उल्लेख गर्नु भयो। वित्तिय विवरणको मुख्य विवरण वासलात नाफा/नोक्सान हिसाव र एकिकृत आय विवरण नेपाली भाषामा उपलब्ध भएमा शेयर धनीलाई वुझ्न सहज हुने कुरा उल्लेख गर्नु भयो। प्रतिवेदनको कभर पेजमै ११ औ वार्षिक प्रतिवेदन भनी उल्लेख गर्न र १० प्रतिशत स्थानीयको लागी छुट्याईएको शेयर छिटो निष्काशन गर्न तथा आयोजनाहरु चाडो सम्पन्न गर्न ध्यान दिईयोस् भन्ने कुरामा जोड दिनु भयो। मेलम्ची खानेपानी आयोजनामा भएको क्षतिको उदाहरण दिदै प्राकृतिक प्रकोपको क्षतिबाट हुने सम्भावनाबाट बच्न आयोजनाको उपकरण भवन र सामाग्री मात्र नभई सम्पूर्ण आयोजनाको वीमा गर्न सुझाव दिनु भयो।

३. **सञ्चालक समितिका अध्यक्ष श्री रामजी भण्डारीज्यूको जवाफः**

प्रस्तुत शेयरधनीको राय सुझाव र जिज्ञासाका सम्बन्धमा सञ्चालक समितिका अध्यक्षज्यू ले प्रस्ट पार्दै निम्न बमोजिम जवाफ दिनु भयोः

शेयरधनीका प्रतिनिधिको जिज्ञासाको उतर दिनुहुदै संचालक समितिका अध्यक्ष रामजी भण्डारीज्यूले शेयरधनी ज्यूहरुवाट मुख्यतया सुझावहरु प्राप्त भएको र विस्तृत वार्षिक प्रतिवेदनमा धेरै कुराहरु उल्लेख भएको जानकारी दिनु भयो। शेयरधनीहरुबाट प्राप्त सुझावहरुलाई आगामी वार्षिक प्रतिवेदनहरुमा सुधार गरिने उल्लेख गर्दै सवै शेयरधनीहरु लाई वार्षिक प्रतिवेदन पुर्याउन वैकल्पीक ब्यवस्था अपनाउने सम्बन्धमा छलफल गरिने जानकारी दिनुभयो। सञ्चालक समितिमा सञ्चालकहरुको प्रतिनिधित्व सम्बन्धमा कम्पनी ऐनको ब्यवस्था लागू हुने कुरा जानकारी गराउनु भयो। आयोजनाहरु चाडो भन्दा चाडो सम्पन्न गर्ने विश्वास शेयरधनीहरुलाई गराउनु भएको थियो। आयोजनाहरुको वीमा ठेक्का सम्झौता बमोजिम गराईएकोले निर्माणाधिन आयोजनाहरुमा जोखिम न्युन रहेको जानकारी समेत दिनु भएको थियो।

४. **निर्णयहरुः**

शेयरधनीबाट उठाइएका जिज्ञासा तथा प्रश्नहरुका सम्बन्धमा अध्यक्ष श्री रामजी भण्डारीज्यूबाट स्पष्ट पार्ने कार्य सकिएपछि कम्पनीका कम्पनी सचिवले साधारण सभाको विषयसूचीमा उल्लेख भए बमोजिम प्रस्तावहरु स्वीकृतिका निमित्त क्रमशः प्रस्ताव राख्नु भयो र सभाबाट देहाय बमोजिम निर्णय भयो :

क. साधारण सभा समक्ष प्रस्तुत भएको आ.व. २०७७/७८ को सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत बार्षिक प्रतिवेदन माथिको छलफल र त्यसमा शेयरधनीहरुको तर्फबाट राय प्रतिकृया व्यक्त गर्ने कार्य सम्पन्न भई अध्यक्षज्यूबाट शेयरधनीहरुको जिज्ञासामा स्पष्ट पार्ने कार्य समेत सकिएकोले उक्त आ.व. २०७७/७८ को बार्षिक प्रतिवेदन पारित गरिदिन सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट उक्त प्रतिवेदन सर्व सम्मतिबाट पारित गर्ने निर्णय भयो।

ख. लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको आ.व.२०७७/७८ को लेखापरीक्षीत बित्तीय विवरणहरु (२०७८साल आषाढ३१गतेको वासलात र आ.व. २०७७/७८ को नाफा र नोक्सान हिसाव, नगद प्रवाह विवरण र सोको अनुसूचीहरु) स्वीकृतीको लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट उक्त आर्थिक विवरणहरु सर्वसम्मतिले पारित गर्ने निर्णय भयो।

ग. लेखापरीक्षण ऐन २०४८ (संसोधन सहित) मा रहेको ब्यवस्था अनुरुप कम्पनीको वैधानिक लेखापरीक्षकको नियुक्तिकालागि महालेखा परीक्षकको कार्यालयको परामर्श आवश्यक पर्ने भई परामर्श माग गरिएकोमा महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षक चार्टर्ड एकाउण्टेन्ट श्री संजिव ढकालको नाम सिफारिस भई आएको व्यहोरा सभामा जानकारी गराइयो। यस सम्बन्धमा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम सोही ऐन बमोजिम गठित लेखापरीक्षण समितिले लेखापरीक्षकको नियुक्ति सम्बन्धमा गरेको सिफारिसको जानकारी गराउँदै लेखापरीक्षण समितिको तर्फबाट कम्पनीको आ.व. २०७८/०७९ को हिसाब किताब लेखापरिक्षण गर्न बैधानिक लेखापरीक्षणको लागि श्री महालेखा परिक्षकको कार्यालयको राय र लेखापरिक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक चार्टर्ड एकाउण्टेन्ट श्री संजिव ढकाललाई नियुक्त गर्न प्रस्ताव गर्ने निर्णय भएको व्यहोरा सभा समक्ष प्रस्तुत गरियो। लेखापरीक्षकको पारिश्रमिकका सम्बन्धमा साविक बमोजमकै रकम (मूल्य अभिबृद्धि कर बाहेक) रु.१,८५,०००/- (एक लाख पचासी हजार) पारिश्रमिक निर्धारण हुन लेखापरीक्षण समितिबाट सिफारिस भएको कुरा पनि सभामा जानकारी गराइयो। प्रस्तुत प्रस्तावउपर छलफल हुँदा सभाले आ.व. २०७८/०७९ को कम्पनीको हिसाब किताबको बैधानिक लेखापरीक्षण गर्न प्रस्ताव गरिए बमोजिम लेखापरीक्षक चार्टर्ड एकाउण्टेन्ट संजिव ढकाललाई नियुक्त गर्ने र लेखापरीक्षण शुल्क वापत (मु.अ.क. बाहेक) रु. १,८५,०००/- (एक लाख पचासी हजार) पारिश्रमिक तोक्ने पनि सर्वसम्मतिबाट निर्णय भयो।

घ. कम्पनी सचिवले प्रस्तुत गर्नु भएको कम्पनी ऐनको दफा १०५ को उपदफा (१) को खण्ड (ख) बमोजिम कम्पनीको नेटवर्थ भन्दा बढी हुने गरी दिर्घकालिन ऋण लिन र उपयोग गर्न साधारणा सभाबाट अख्तियारी लिन आवश्यक भएकोले निर्माणाधिन आयोजनाहरु सम्पन्न गर्न कम्पनीको नेटवर्थ भन्दा बढी हुने गरी दिर्घकालिन ऋण लिनु पर्ने अवस्था रहेकोले सो बमोजिम ऋण लिन सञ्चालक समितिलाई अधिकार प्रदान हुन प्रस्ताव गरिएकोमा कम्पनीले कर्मचारी सञ्चयकोष लगायत विभिन्न वित्तिय संस्था मार्फत कम्पनीको लागि हित हुने गरी दिर्घकालिन ऋण परिचालन गर्न र विभिन्न वित्तिय विकल्पहरु समेतको प्रयोगका लागि सञ्चालक समितिलाई अख्तियारी दिने सर्वसम्मतिबाट निर्णय भयो।

ङ. विविध तर्फ कुनै पनि प्रस्ताव नरहेको कुरा कम्पनी सचिवबाट सभामा जानकारी गराईएको थियो।

५. **साधारण सभा समापन भएको घोषणाः**

अध्यक्षज्यूले सभामा सहभागि सञ्चालकज्युहरु लगायत सम्पूर्ण सहभागि शेयरधनी महानुभावहरु र कर्मचारीहरुलाई धन्यवाद दिदै शेयरधनीको सल्लाह, सुझाव अनुसार कम्पनीले आयोजना सम्पन्न गर्न अधिकतम प्रयास गर्दै जाने विश्वास ब्यक्त गर्दै सभा समापन भएको घोषणा गर्नु भयो ।

-----------------------
(घनश्याम श्रेष्ठ)
कम्पनी सचिव

-----------------------
(रामजी भण्डारी)
अध्यक्ष